केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/२/०६७/६८ मितिः २०६७/०४/२६

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. इजाजतपत्रप्राप्त "ख", "ग" र सर्वसाधारणको समेत निक्षेप संकलन गर्ने खुद्रा लघुबैंकिंग गर्ने "घ" वर्गका संस्थाको अनिवार्य मौज्दात गणना सम्बन्धमा इ.प्रा.निर्देशन नं. १३/०६७ (अनिवार्य मौज्दात/बैधानिक तरलता सम्वन्धी व्यवस्था) को बुँदा नं. क (१) को उपबुँदा नं. २ मा देहायको नीतिगत व्यवस्था थप गर्ने ।

*(क) अनिवार्य मौज्दात प्रयोजनका लागि खोलिने खाता सम्बन्धित वित्तीय संस्थाको केन्द्रीय कार्यालय भएको स्थानमा मात्र खोल्नु पर्नेछ ।*

*(ख) सम्बन्धित वित्तीय संस्थाको केन्द्रीय कार्यालय रहेको स्थानमा नेपाल राष्ट्र बैंकको कार्यालय नभएको खण्डमा नजिकको "क" वर्गको एउटै बैंकमा जम्मा गरेको रकमलाईमात्र अनिवार्य मौज्दातमा गणना गरिनेछ । यस बैंकको कार्यालय बाहेक एकभन्दा बढी बैंक/शाखामा जम्मा गरेको रकमलाई यस प्रयोजनका लागि योग्य मानिने छैन ।*

*(ग) अनिवार्य मौज्दात गणना गर्ने प्रयोजनका लागि खाता खोलिएको बैंकबाट सम्बन्धित वित्तीय संस्थाले कुनै पनि किसिमको सापटी/सुविधा उपयोग गर्न पाउने छैन ।*

२. यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थालाई जारी इ.प्रा.निर्देशन नं. २१/०६७ को बुदा नं. ४ को उपबुँदा नं. २ मा देहायको व्यवस्था थप गर्ने ।

*बैंक/वित्तीय संस्था संस्थापना सम्बन्धी नयाँ नीतिगत एवं प्रकृयागत व्यवस्थाको विशेष व्यवस्था अन्तर्गत स्थापित एक जिल्ले वित्तीय संस्थाको हकमा १-३ जिल्लाका लागि तोकिएको चुक्ता पुँजी समानुपातिक रुपमा बाँकी वर्षहरुमा पुर्‍याउन अनिवार्य हुने छैन ।*

३. यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थालाई जारी इ.प्रा.निर्देशन नं. १३/०६७ को बुदा नं. ख को उपबुँदा नं. (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस बैंकबाट इजाजतपत्रप्राप्त वित्तीय संस्थाहरुले यदि आर्थिक वर्ष २०६६/६७ को बैशाख, जेठ र असार महिनामा वैधानिक तरलता अनुपात कायम गर्ने सम्बन्धी निर्देशनको पालना गरेको भएमा आर्थिक वर्ष २०६६/६७ को माघ, फाल्गुण र चैत्र महिनामा वैधानिक तरलता अनुपात कायम गर्न नसकेको भएमा उक्त माघ, फाल्गुण र चैत्र महिनाको लागि छुट प्रदान गरिने छ ।

४. यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थालाई जारी इ.प्रा.निर्देशन नं. २/०६७ (कर्जा/सापटको वर्गीकरण र कर्जा नोक्सानी सम्बन्धी व्यवस्था) मा बुँदा नं. २० पछि बुँदा नं. २१ (चेकको धितो/सुरक्षणमा कर्जा प्रवाह गर्न नपाइने सम्बन्धमा) कायम गरी देहायको व्यवस्था थप गर्ने ।
*यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले कुनै पनि किसिमको चेकको धितो/सुरक्षणमा कर्जा प्रवाह गर्न पाइने छैन ।*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

५. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई जारी इ.प्रा.निर्देशन नं. २/०६७ (कर्जा/सापटको वर्गीकरण र कर्जा नोक्सानी सम्बन्धी व्यवस्था) को बुँदा नं. ११ (गैर बैंकिङ्ग सम्पत्तिको नोक्सानी व्यवस्था र लिलाम बिक्री सम्बन्धमा) मा उपबुँदा नं. ३ को (ङ) पछि देहायको व्यवस्था थप गर्ने ।

*गैर बैंकिंग सम्पत्तिको रुपमा बैंक/वित्तीय संस्थाले सकार गरेको सम्पत्ति धितो सुरक्षण धनी (गैर बैंकिंग सम्पत्तिमा आउनु अघिको धनी) लाई फिर्ता गर्दा गैर बैंकिंग सम्पत्ति लेखांकन गर्दाको मूल्यमा नघट्ने गरी सम्बन्धित संस्था र सम्बन्धित सुरक्षण धनीबीचको आपसी वार्ताद्वारा सम्बन्धित सुरक्षण धनीलाई मात्र धितो/सुरक्षण फिर्ता गर्न भने यो निर्देशनले वाधा पुर्‍याएको मानिने छैन ।*

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
८. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
९. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१०. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।
११. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।